गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

## मिति २०७९।१०।१४ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०७९/०८० को आठौं नगर कार्यपालिका बैठकका निर्णयहरुः

**निर्णय नं.१** "गैंडाकोट नगरपालिकाको लेखा समितिको कार्यविधि, २०७९" स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२** गैंडाकोट नगरपालिका वडा नं. १०-१७ ( वडा नं. १० को महादेव थान मन्दिर देखि - नारायणी किनार हुदै पश्चिम तर्फ - वडा नं. १७ को झराही खोलाको पुल हुदै उत्तरतर्फ - वडा नं. १४ हुदै पुर्व तर्फ - वडा नं. १३ हुदै वडा नं. १२ देखि पुनः वडा नं. १० सम्म आउने ) गैंडकोट रिङरोडको न्यूनतम मापदण्ड १२ मिटर कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** गैडाकोट नगर कार्यपालिकामा सम्बन्धित वडा बाट पेश भए बमोजिम वडा नं. ३ (मिति २०७९।१०।०९) को वडा समितिको निर्णयानुसार), वडा नं. १६ ( मिति २०७९/०५/०६, २०७९/०८/१९ र २०७९।०९/२९ ) को वडा समितिको निर्णयानुसार ) र वडा नं. ७ (मिति २०७९।१०।०१ को वडा समितिको निर्णयानुसार) का योजनाहरुलाई सोही वडा भित्रका अन्य योजनाहरुमा रकमान्तर/शिर्षकान्तर गरी कार्यान्वयन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.४** नगर कार्यपालिकाको यस आर्थिक वर्षको मिति २०७९।०६।१२ मा सम्पन्न तेस्रो नगर कार्यपालिकाको बैठकमा भएको निर्णयानुसार तोकिएको समय भित्र निवेदन पेश गर्ने तपशिल बमोजिमका व्यवसायिक भवनहरुको नगर प्रमुखस्तरीय निर्णयानुसार अभिलेखीकरण गरेकोमा सोको समर्थन गर्ने निर्णय गरियो ।

१) कालिका रिफाईनरी प्रा. लि. वडा नं. ७
२) श्रीधर कंडेल, वडा नं. ६
३) रिता पौडेल, वडा नं. २
४) हेम कुमारी मानन्धर, वडा नं. २
५) लक्ष्मी पोख्रेल, वडा नं. १
६) कालिका मेडिकल तथा टेक्निकल इन्स्टिच्युट, वडा नं. ५
७) षडानन्द लामिछाने र राधा देवी आचार्य, वडा नं. १

**निर्णय नं.५** वडा नं. १५ र वडा नं. ३ को आफ्नै स्वामित्वको भवन नहुँदा सेवा प्रवाहमा समस्या परेको पाईएकोले आ. व. २०८०।०८१ मा प्रदेश समपुरक योजनामा यी वडाहरुको वडा कार्यालय भवन निर्माण योजनालाई प्राथमिकतामा राखी योजना माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.६** तीब्ररुपमा शहरीकरण भईरहेको यस नगरको व्यवस्थित विकास र दिर्गकालिन हितको लागि भु उपयोग नक्सा तयार गरी सो अनुसार आवासिय क्षेत्रमा वर्गीकरण भएको जग्गा विक्रीवितरण गर्दा वा सो जग्गामा नयाँ संरचना निर्माण गर्दा कार्यपालिकाले तोकेको मिति देखि लागूहुने गरी अनिवार्य रुपमा लगतकट्टा गरी कारवाही शुरु गर्ने तथा नगरपालिकामा जग्गा नापजाँच तथा नक्सा पास प्रकृयालाई थप छिटो छरितो र सहज बनाउन भवन तथा वस्ति विकास शाखामा एक जना सर्भेक्षकको दरवन्दी थप गर्ने प्रस्ताव स्वीकृतार्थ बाह्रौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.७** गैडाकोट नगर क्षेत्रबाट बैदेशिक रोजगारमा गएका नागरिकहरुको सुरक्षित आप्रवासनलाई ध्यान दिदै उनिहरुलाई पर्ने समस्याको उपयुक्त निकास तथा सहजीकरणको लागि तथा स्वदेशमा रोजगारीका अवसरहरु खोजी र नेपाल सरकारबाट घोषणा गरिएको न्यूनतम रोजगारको प्रत्याभूतिको लागि काम गर्न नगर कार्यपालिकाको कार्यालयमा एकजना पाचौं तहको प्रशासन सेवा (सा.प्र. समूह) को कर्मचारी रहने गरी श्रम तथा रोजगार शाखा स्थापना गर्ने र सो शाखामा पदपूर्ति भई कार्य संचालन नभएसम्मको लागि हालको प्रधानमन्त्रि रोजगार कार्यक्रममा कार्यरत जनशक्तिबाट नै उक्त कार्य गर्ने व्यवस्था मिलाउने प्रस्ताव स्वीकृतार्थ बाह्रौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** गैंडाकोट नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को लागि संशोधित आय व्ययको अनुमान १ अर्ब ८ करोड ५९ लाख २ हजार रुपैया स्वीकृतार्थ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

जानकी कंडेल
नगर उप-प्रमुख

मदन भट्ट अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं.९** गैंडाकोट नगरपालिका क्षेत्रका नगरबासीहरुलाई उपलब्ध गराईने खानेपानीलाई सुरक्षित तवरले सरल र सहजरुपमा उपलब्ध गराउन उपयुक्त स्रोत समेत पहिचान गरी वृहत एकिकृत खानेपानी सेवा संचालनको लागि एवं नगरको भल तथा ढलको दिगो व्यवस्थापनको आवश्यक प्रक्रिया अगाडी बढाउन संघीय सरकारमा अनुरोध गरी पठाउने प्रस्ताव बाह्रौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०** महाभारत क्षेत्रमा रहेको यस गैंडाकोट नगरपालिकालाई चुरे क्षेत्रबाट हटाउन संघीय सरकारमा सिफारिस गरी पठाउने प्रस्ताव नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.११** सातौ नगर कार्यपालिकाको बैठकको निर्णयानुसार गैंडाकोट नगरपालिका क्षेत्रको भूउपयोग योजना तथा भूउपयोग वर्गीकरण नक्साको प्रतिवेदन तयार गर्ने कार्य अगाडी बढाईएकोमा सो को लागत अनुमान तयार गर्न देहाय बमोजिमको अध्ययन टोलीको मिश्रण तथा दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

| Key staff and their Qualification. | | | | |
|---|---|---|---|---|
| **K. Key Experts** | | **Nos.** | **Months** | |
| **1.** | Team Leader (Urban Planner) | 1 | 2.5 | Master's Degree in Urban Planning, City Planning, Regional Planning, Land Use Planning, Infrastructure Planning with minimum 7 years of experience in related field |
| **2.** | Environmental Expert/Forest Expert | 1 | 1 | Master's Degree in Environmental Engineering/ Science or Forestry or Natural Resources Management with 5 years of experience in related field |
| **3.** | Socio-Economist | 1 | 1 | Master's Degree in Sociology/Social Science/Anthropology/Economics/Finance with minimum 5 years of work experience in related field |
| **4.** | Geologist/ Geotechnical Expert | 1 | 1 | Master's Degree in Geotechnical Engineering or Geology with 5 years of work experience in related field |
| **5.** | Agriculturist | 1 | 1 | Master's degree in Agriculture Engineering/Forest, Science of Integrated Watershed Management with minimum 5 years of work experience in related field |
| **1.** | GIS Expert | 1 | 2 | Bachelor's Degree in GIS/RS or Geomatics/Survey/Civil Engineering/Geography and GIS/RS training with 3 years of work experience in related field |
| **N. Non-Key Expert and Support Staffs** | | | | |
| **1.** | Draft person/Office staff | 2 | 1 | Diploma level with drafting skills. |

- ❖ यातायात खर्च-१०% जम्मा जनशक्तिको
- ❖ तथ्यांक संकलन तथा प्रतिबेदन तयारीको लागि यन्त्र उपकरणको खर्च- ५% जम्मा जनशक्तिको
- ❖ कार्यशाला गोष्ठी, अन्य सामग्री-१४% जम्मा जनशक्तिको
- ❖ टोलि प्रमुखको योग्यता,सम्बन्धित बिषयमा स्नाकोत्तर गरि ५ वर्षको अनुभब प्राप्त
- ❖ Consultant's basic salary per day (As Per DUDBC Norms Dated- 2078/07/04)

गुरिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

... अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं.१२** गैंडाकोट नगरपालिकाको लेखा समितिबाट पेश भए बमोजिम आर्थिक वर्ष २०७५।०७६, आर्थिक वर्ष २०७६।०७७ आर्थिक वर्ष २०७७।०७८ को महालेखा परिक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षणको क्रममा नियमित हुनु पर्ने भनी औल्याएको बेरुजु क्रमश: १२४४०३३२, ३८५०५२५ र १८१९२३६० गरी कूल रु. ३,४४,८३,२१७/- नियमित गर्नको लागि नगर सभामा सिफारिस प्रस्ताव पठाउने निर्णय गरियो।

**आ.व.२०७५।०७६ को लेखासमितिबाट पेश भएको नियमित हुने वेरुजु**

| | वेरुजु दफा | वेरुजुको व्यहोरा | नियमितको लागी पेश रकम | संलग्न प्रमाणहरु |
|---|---|---|---|---|
| १ | २०.० | परामर्श सेवा पालिकाको जनशक्तिबाट काम नगराइ परामर्श सेवा खरिद गरेको नियम संगत देखिएन। | २,१०६,०००।०० | उल्लेखित नगर पालिकाको कर्मचारीहरुको तोकिएको कार्य भन्दा छुट्टै पटके कार्य भएको साथै पालिकामा त्यस्तो दक्ष्य जनशक्ति नभएको र छुट्टा छुट्टै स्थानमा छुट्टा छुट्टै प्रकारको कार्यहरु गराउनु परेकोले एउटै प्याकेज बनाई गर्न नसकेकोमा यस्तो स्वीकृत कार्यक्रम अनुसारको कार्य संपन्न भई सकेकोले बेरुजु नियमित हुनुपर्ने। |
| २ | २३.१ | मुल्य अभिबृद्धि कर कट्टि नगरेको | ८१७,७३२।०० | कर समायोजन पत्र पेशको आधारमा नियमित हुनुपर्ने। |
| ३ | ३० | कच्चावारी प्रमाणित बेगर गत वर्षको भुक्तानी | ९,५१६,६००।०० | प्रमाणित कच्चावारी संलग्न राखि पेश गरिएको हुँदा बेरुजु नियमित हुनुपर्ने। |
| | | कुल जम्मा | १२,४४०,३३२।०० | |

**आ.व.२०७६।०७७ को लेखासमितिबाट पेश भएको नियमित हुने वेरुजु**

| | वेरुजु दफा | वेरुजुको व्यहोरा | नियमितको लागी पेश रकम | संलग्न प्रमाणहरु |
|---|---|---|---|---|
| १ | १४ | निस्कृय खाता: मा रहेको रकम असूल गरी संघिय संचित कोष खातामा दाखिला गर्नुपर्ने | ७६४,९८८।०० | राष्टिय परिचयपत्र तथा पञ्जिकरण विभागको प.स..०७९।०८०,च.न.२९४,मिति २०७९।०५।१२ को पत्रानुसार लामगाहीले जुनसुकै अवस्थामा झिक्न सक्ने हुदा नियमिति हुनुपर्ने । |
| २ | १५ | एउटै नागरिकता नम्बरबाट दोहोरो भुक्तानी | १२४,८००।०० | नागिरकताको छायाकपी यसै साथ संलग्न गरिएको छ। उक्त रकम दोहोरो नपरेको हुँदा लेखा समिति र नगरसभाबाट परीक्षण गरि बेरुजु रकम असुल उपर गर्न नपर्ने भएकाले नियमित हुनुपर्ने। |
| ३ | २३ | सोझै खरिद | १,०९३,०८४।०० | १८ वटा वडा तथा कार्यालयहरुको लागी विभिन्न फुटकरको पटक पटक सामाग्री खरिद गर्नुपर्ने भएकाले खरिद भएता पनि हानी नोक्सानी नभएकोले नियमित हुनुपर्ने। |
| ४ | २७ | स्विकृत नर्म्स वेगर खर्च (स्मार्ट सिटी टेकनोलोजी प्रा.लि.) | १,८०१,२५३।०० | कोरोनाकहर रोगको समयमा पनि तोकिएको कार्य सम्पन्न गरी पेश गरेको हुँदा यस खर्चबाट रकम हानी नोक्सानी नभएको तोकिएको कार्य सम्पन्न भई सकेको नियमित हुने पेश गरिएको |

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ५ | ५३ | शिर्षक फरक पारि खर्च | ६६,४००।०० | शिर्षक छुट्टाइएको रकम नपुग भई आमा सुरक्षा कार्यक्रम र उक्त रकम भुक्तानी भएको, कुनै हानी नोक्सानी नभएको निशुल्क गर्भपतन सेवाको सोधभर्ना भुक्तानी भएकाले नियमित हुनुपर्ने। |
| | | | ३,८५०,५२५।०० | |

आ.व. २०७७।०७८ को लेखासमितिबाट पेश भएको नियमित हुने वेरुजु

| | वेरुजु दफा | वेरुजुको व्यहोरा | नियमितको लागी पेश रकम | संलग्न प्रमाणहरु |
|---|---|---|---|---|
| | ४.६ | कर समायोजन पत्र समावेश नगरी धरौटी भुक्तानी गरिएको | | |
| १ | ४.६ | १) आर्कलाइट कन्सलिटङ प्रा.लि. | ८६०,०००।०० | कार्यसम्पादन जमानत पहिला नगद राखी पछि सो वरावरको वैक जमानतपत्र राखी नगद भुक्तानी लिएकाले करसमायोजन पत्र आवश्यक नपर्ने हुदा नियमिति हुनुपर्ने । |
| २ | ४.६ | २)शिवम सप्लायर्स | ५००,०००।०० | नगद कार्यसम्पादन राखिएको रकम काम नै नभई फिर्ता भएकोले करसमायोजन आवस्यक नपर्ने हुदा नियमित हुनुपर्ने । |
| ३ | ४.६ | ३)डि.एण्ड जी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २५०,१९७।०० | सो वरावरको करसमायोजन पत्र पेश भएकाले नियमित हुनुपर्ने । |
| ४ | ४.६ | 4.सिविसि कन्स्ट्रक्सन ट्रेडिङ प्रा.लि. | ४१६,६१३।०० | सो वरावरको करसमायोजन पत्र को आधारामा वेरुजु नियमित हुनुपर्ने । |
| ५ | ४.६ | 5.शनिदेव सप्लायर्स | ३९९,२४०।०० | सो वरावरको करसमायोजन पत्र को आधारामा वेरुजु नियमित हुनुपर्ने । |
| ६ | १८.१ | सोझै खरिद | २,००१,१११।०० | १८ वटा वडा तथा कार्यालयहरुको लागी पटक पटक सामाग्री खरिद गर्नुपर्ने भएकाले खरिद भएता पनि हानी नोक्सानी नभएको । |
| ७ | १८.२ | सोझै खरिद | ९८८,५२४।०० | १८ वटा वडा तथा कार्यालयहरुको लागी पटक पटक सामाग्री खरिद गर्नुपर्ने भएकाले खरिद भएता पनि हानी नोक्सानी नभएको । |
| ८ | १९.४ | भेरियसन आदेश वेगर खर्च गरिएको | ४४,९५१।०० | नगरप्रमुखवाट स्वीकृत चालु गो.भौ.१०३७२०७८।३।६ भई खर्च भुक्तानी भएकाले एक तह माथी १० प्रतिशत भित्र रहेको । |
| ९ | १९.६ | ह्यूम पाइप वितरणको भरपाई र प्राविधिक मूल्यांकन नभएको भन्ने सम्वन्धमा | २,६१६,३६६।०० | प्राविधिक मूल्यांकन,प्रत्येक वडाको मागपत्र अनुसार वितरण, लगायत कागजात संलग्न राखिएकाले उक्त वेरुजु नियमित भई फछ्र्योट हुन । |
| १० | १९.७ | अग्निध्वज कन्सल्टेन्सी अन्तिम प्रतिवेदन पेश हुनुपर्ने | ७३४,५००।०० | उक्त कार्यसमयमा नै सम्पन्न भएको र अन्तिम प्रतिवेदन ले.प.को समयमा अयन्त्र फायलमा परी देखाउन छुट भएकाले हाल संलग्न राखी पेश गरिएको आधमारमा उक्त खर्च नियमित हुन । |
| ११ | २१.२ | वढीदरमा खरिद | १९९,९२०।०० | धैरै वर्षदेखी जिल्लादररेट परिमार्जन नभएकाले पुरानो दररेट र वजारमूल्यमा वढी भएकाले जिल्लादररेटमा नपाइने भएकाले कुनै हानी नोक्सानी नभएकोले सं.प.हुनुपर्ने |

अतिराज रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

सफल भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| १२ | २१.५ | भरपाई पेश हुनुपर्ने(कृषितर्फ) | १२५,९९७।०० | खरिद आदेश,दाखिला रिपोर्ट र भरपाई लेखापरीक्षणको समयमा अयन्त्र फायलमा परी देखाउन छुट भएकाले हाल पेश गरिएको आधारमा उक्त वेरुजु नियमिति हुन । |
| १३ | २१.७ | भुक्तानी वाकी कच्चावारी संलग्न नभएको | ८६,४४५।०० | मिति २०७७।०३।२९ मा रु६९१५६। र २०७८।०३।२१मा रु १७२८९०गरी वेरुजु दफामा रु २४२०४६। उल्लेख हुनुपर्नेमा रु ८६,४४५। उल्लेख भएको । उक्त भुक्तानी दिन वाकी कच्चावारी लेखापरीक्षणको समयमा अन्यत्र फायलमा परी देखाउन छुट भएकाले हाल पेश गरिएको छ उक्त वेरुजु नियमित हुन अनुरोध गरिएको । |
| १४ | २२।१ | लेखा परिक्षण वेरुजु | २०,०००।०० | जलदेवी आवि र शृजनशिल आविको लेखा परिक्षण प्रतिवेदन प्राप्त भएकोले नियमित गर्नुपर्ने । |
| १५ | २२।२ | विद्यालय सुधार योजना | ३८०,०००।०० | विद्यालय सुधार योजना कार्यक्रम कार्यावनयन पुस्तिका प्राप्त भएकोले नियमित गर्नुपर्ने । |
| १६ | २२.४ | छपाई सामाग्री विद्यालयमा वितरण गरेको भरपाई पेश नभएकोले खर्च नियमित हुनुपर्ने | ३५४,६९८।०० | भरपाई प्राप्त भएकोले नियमित गर्नपुर्ने । |
| १७ | २६.२ | प्रिमिक्स कार्पेट:२ मि.मि.३ मि.मि.काम गरेको | ६,२५२,०२४।०० | स्थानीय वासिन्दाको अनुरोध तथा व्यापक दवावको कारण कम्तीमा ३ मि.मि. भएता पनि २ मि.मि. भन्दा माथी प्राविधिकले सडकमा प्रयोग हुने गाडीको भार अनुमान थप गर्नुपर्ने भएकाले वढी परिमाण रकम देखियो । यसवाट सडक वलियो र टिकाउ हुने भएको, रकम हानीनोक्सानी नभएको हुदां लेखा स.का.पा. तथा नगरसभावाट अनुमोदन भएकाले उक्त वेरुजु स.प.को लागी अनुरोध छ । |
| १८ | २६.३ | जनश्रमदान सम्बन्धमा | ६८१,१०१।०० | १) मिति २०७८/१०/२४ गते बसेको ८३ औ नगर कार्यपालिका बैठकको निर्णय नं. ६ मा गैंडाकोट नगरपालिका कार्यालयका तर्फबाट गरिने पूर्वाधार विकास तर्फका योजनाहरुमा उपभोक्ता समिति मार्फत जनसहभागीता रहने विभिन्न योजनाहरुमा लागत सहभागीता हुने गरेकोमा देहाय बमोजिमका ४ वटा शिर्षकका योजनाहरु (१. सहकारी भवन २. पूल ३. कल्भट ४. तटबन्धन) मा लागत सहभागीता नगर्ने भनि निर्णय गरिएको हुँदा लेखा समितिबाट नियमित गरी नगर कार्यपालिकाको सिफारिसमा बेरुजु नियमित गरी नगरसभा बाट अनुमोदन र समर्थन हुनुपर्ने रु |
| १९ | २८.२ | टयाकोटमा वढी भुक्तानी: | १,२८०,६७३।०० | स्थानीय वासिन्दाको अनुरोध तथा व्यापक दवावको कारण कम्तीमा ३ मि.मि. भएता पनि २ मि.मि. भन्दा माथी प्राविधिकले सडकमा प्रयोग हुने गाडीको भार अनुमान थप गर्नुपर्ने भएकाले वढी परिमाण रकम देखियो । यसवाट सडक वलियो र टिकाउ हुने भएको, रकम हानीनोक्सानी नभएको हुदां लेखा स.का.पा. तथा नगरसभावाट अनुमोदन भएकाले उक्त वेरुजु स.प.को लागी अनुरोध छ । |
| | | | १८,१९२,३६०।०० | |
| | | | | |

मुक्तिराज रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

... भक्त अधिकारी
नगर प्रमुख